# स्थानीय राजपत्र

**गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित**

खण्डः ८) काठमाडौँ, भाद्र १२ गते, २०८१ साल संख्याः ४

## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालन कार्यविधि,२०८१

मूल्य रु : १०/-

# गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालन कार्यविधि,२०८१

## पृष्ठभुमी :

गोकर्णेश्वर नगरपालिका तथा अन्य क्षेत्रमा बसोवास गर्ने नागरिकहरूका लागि सिपमूलक प्राविधिक तथा व्यवसायिक तालिमका अवसरहरू उपलब्ध गराई प्राविधिक जनशक्ति उत्पादनका मध्यमबाट रोजगारी तथा आय आर्जनको सुनिश्चितता गर्दै प्राविधिक सिप मूलक तालिम कार्यक्रमलाई व्यवस्थित र समन्वयात्मक रूपमा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले गोकर्णेश्वर नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ६ मा गरिएको व्यवस्थाका आधारमा प्राविधिक तालिम केन्द्र सञ्चालनार्थ यस गोकर्णेश्वर नगरपालिकाले “गोकर्णेश्वर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन कार्यविधि,२०८१ ”बनाई कार्यान्वयनमा ल्याएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालन कार्यविधि,२०८१”रहेको छ ।

(२) यो कार्यविधि गोकर्णेश्वर नगरपालिकाको नगरसभाले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** **“ऐन”**भन्नाले गोकर्णेश्वर नगरपालिकाको शिक्षा ऐन सम्झनुपर्दछ ।

(ख) **“तालिम केन्द्र**”भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सम्झनुपर्छ ।

(ग) **“ कायविधि”** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालन कार्यविधि २०८१ सम्झनु पर्दछ ।

(घ) **“ व्यवस्थापन समिति”** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालनार्थ गठित व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ङ) **"परिषद्"** भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सङ्घीय कार्यालयलाई सम्झनुपर्दछ ।

(च) **नगर-प्रमुख** भन्नाले गोकर्णेश्वर नगरपालिकाको बहालवाला नगर प्रमुखलाइ सम्झनुपर्दछ ।

(छ) **नगर उप- प्रमुख** भन्नाले गोकर्णेश्वर नगरपालिकाको बहालवाला नगर उप-प्रमुखलाइ सम्झनुपर्दछ ।

(ज) **वडा अध्यक्ष** भन्नाले गोकर्णेश्वर नगरपालिकाको सम्बन्धित वडाको वहालवाला वडा अध्यक्ष सम्झनुपर्दछ ।

(झ) **प्रदेश** भन्नाले वाग्मती प्रदेश सम्झनुपर्दछ ।

(ञ) **मन्त्रालय** भन्नाले वाग्मती प्रदेश अन्तर्गतको सम्बन्धित मन्त्रालय सम्झनुपर्दछ ।

ट) **छोटो अवधिको तालिम** भन्नाले ४.५ घण्टादेखि १६९६ घण्टासम्मको तालिम सम्झनुपर्दछ ।

(ठ) **"विनियम"** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र सञ्चालन कार्यविधि २०८१,को अधिनमा वन्ने प्रशिक्षक एवं कर्मचारीको सेवा सर्त र सुविधा सम्बन्धी विनियमावली, सम्झनुपर्दछ

(ड) **"अध्यक्ष"** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको व्यवस्थापन समिति अध्यक्ष सम्झनुपर्दछ ।

(ढ) **“संयोजक”** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्दको सञ्चालक समितिको संयोजकलाई सम्झनुपर्दछ ।

(ण)**“प्रबन्ध निर्देशक”**भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्दमा पूर्णकालीन कार्यरत रही दैनिक कामकाजमा आवश्यक संघ संस्थासँग समन्वय गर्ने तथा निर्माण एवम पूर्वाधारको काममा संलग्न रहने व्यक्ति सम्झनु पर्दछ ।

(त) **“कार्यक्रम निर्देशक”** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्दमा पूर्णकालीन कार्यरत रही दैनिक तालिम सञ्चलनसम्बन्धी प्राज्ञिक कार्य गर्न तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(थ) **“कर्मचारी”**भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रका व्यवस्थापन समितिको निर्णयबमोजिम प्रस्तुत कर्यविधि लागु भएपश्चात् नियुक्त हुने कर्मचारी सम्झनुपर्दछ ।

(द) **“तोकिए”वा “तोकिए बमोजिम”**भन्नाले यस कार्यविधि तथा यस कार्यविधिको आधारमा निर्माण गरिने विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ ।

(ध) **“प्रशिक्षक”** भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रमा अध्यापन गराउने योग्यता प्राप्त व्यक्तिलाई सम्झनुपर्दछ ।

(न) **प्रशिक्षार्थी** भन्नाले सिपमुलक प्राविधिक शिक्षा लिन तालिममा छनोट भएका सहभागी व्यक्तिलाई सम्झनुपर्छ ।

(प) **पाठ्यक्रम** भन्नाले पाठ्यक्रम विकास केन्द्र तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा स्वीकृत पाठ्यक्रमलाई सम्झनुपर्छ ।

(फ) **सिप परीक्षण** भन्नाले तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरू वा सिप परिक्षणमा सहभागी हुन चाहने व्यक्तिहरुको राष्ट्रिय सिप परीक्षण समितिले सञ्चालन गर्ने सिप परीक्षण सम्झनुपर्छ ।

(ब) “**कार्यालय प्रमुख”** भन्नालेगोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको प्रबन्ध निर्देशकलाई सम्झनुपर्दछ ।

(भ) शिक्षा शाखा भन्नाले गोकर्णेश्वर नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

(म) नगर शिक्षा शाखा प्रमुख भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सम्झनुपर्दछ ।

(य) शिक्षा अधिकृत भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गतको अधिकृतस्तरको कर्मचारी सम्झनुपर्दछ ।

(र) तालिम केन्द्र भन्नाले गोकर्णेश्वर प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र सम्झनुपर्दछ ।

## परिच्छेद २

### ३. प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन सम्बन्धी अनुमति :

गोकर्णेश्वर प्राविधिक तथा व्यावसायिक तालिम केन्दले छोटो अवधिका तालिम सञ्चालन गर्ने छ । यसका लागि प्रदेश प्राविधिक शिक्षालय तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्सँग सम्बन्धन वा अनुमति लिई सञ्चालन गर्ने छ । तर छोटो अवधिका तालिम माग तथा आवश्यकताअनुसार व्यवस्थापन समितको निर्णयअनुसार पनि सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद ३

### ४ प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालनका विषय र अवधि

स्थानीय नागरिकको माग, आवश्यकता तथा रोजगारीको प्रचुर उपलब्धता हुने अनुमानका आधारमा व्यवस्थापन समितको निर्णयअनुसार तोकिएका विषयमा सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी छोटो अवधिका तालिमहरू सञ्चालन गर्ने छ ।

### ५. प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन समय :

प्रभातीय तथा दिवासमेत गरी दुवै सत्रमा सञ्चालन गर्न सकिने छ ।

। छोटो अवधिका तालिम व्यवस्थापन समितिले निर्णय गरेअनुसार जुनसुकै समयमा सञ्चालन गर्न सकिने छ। सिप परीक्षणका लागि भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले निर्धारित गरेको परीक्षण समय तालिका अनुसार सिफारिस गरी पठाइने छ।

# परिच्छेद ४.

## ६. विद्यार्थी तथा प्रशिक्षार्थी भर्ना र शुल्क

१. प्रशिक्षार्थी भर्ना तोकिएको समयमा गरिने छ। भर्ना गर्दा नगरपालिकाभित्र बसोवास गर्ने विपन्न, सुविधाबिहीन, पिछडिएका जाति, जनजाति, लोपोन्मुख, सिमान्तकृत, सहिद परिवार तथा अन्य जातजातिका व्यक्तिलाई प्राथमिकता दिनुपर्ने छ।

२. विद्यार्थी तथा प्रशिक्षार्थी भर्ना सार्वजनिक सूचनामार्फत गर्नुपर्ने छ।

३. प्राप्त भएका आवेदनहरू रुजु गरी प्रवेश परीक्षा वा अन्तर्वार्ताका आधारमा मूल्याङ्कन गर्नुपर्ने छ। ४ प्राप्त मूल्याङ्कनका आधारमा वैकल्पिक उम्मेदवारसहितको नतिजा प्रकाशन गर्नुपर्ने छ।

५. मुख्य उम्मेदवार भर्ना नभएको खण्डमा वैकल्पिक सूचीबाट भर्ना गर्नुपर्ने छ।

६. भर्ना शुल्कसम्बन्धी व्यवस्था : भर्ना शुल्कसम्बन्धी व्यवस्था व्यवस्थापन समतिले तोकेबमोजिम हने छ।

स्थानीय आवश्यकता, माग तथा लक्षित वर्गलाई नगरपालिकाले आंशिक वा पूर्ण छात्रवृत्ति प्रदान गर्न सक्ने छ। नगरपालिकाले त्यस्ता अत्यावश्यकीय तालिम नगरपालिकको निर्णयअनुसार निशुल्क पनि सञ्चालन गर्न सक्ने छ।

## परिच्छेद ५

### ७. व्यवस्थापन समिति :

गोकर्णेश्वर प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्र सञ्चालनका लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहने छ।

(क). नगर प्रमुख अध्यक्ष

(ख) नगर उप प्रमुख सदस्य

(ग) सामजिक विकास समितिका संयोजक सदस्य

(घ) नगर शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य

(ङ) सम्बन्धित वडाका वडाध्यक्ष सदस्य

(च). कार्यक्रम निर्देशक सदस्य

(छ) व्यवस्थापन समितिद्वारा मनोनित प्राविधिक शिक्षा विद् वा प्राविधिक व्यक्तिमध्येबाट १ सदस्य

(ज). चन्दादाता, समाजसेवी वा प्राविधिक शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएका व्यक्ति मध्येबाट नगर शिक्षा समितिबाट मनोनित १ सदस्य

(झ). शिक्षाविद् वा शिक्षासेवीमध्येबाट नगरप्रमुखबाट मनोनित १ महिलासहित२ सदस्य

(ञ) प्रबन्ध निर्देशक सदस्य सचिव

## ८. व्यवस्थापन समितिको अवधि :

व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुने छ ।

## ९. प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

१. यस कार्यविधिमा उल्लेख भए बमोजिम तालिम केन्द्र व्यवस्थापन समितकाे काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) तालिम केन्द्रको सञ्चालन रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने

(ख) तालिम केन्द्रमा सञ्चालन गर्ने प्राविधि तथा व्यावसायिक सिपमूलक तालिमको विषय तोक्ने

(ग) प्रशिक्षार्थी भर्ना तथा छनोट सम्बन्धी आवश्यक नीति निर्माण गरी कायान्वयनमा ल्याउने

(घ) तालिम केन्द्रका लागि चाहिने आर्थिक स्रोत जुटाउने

(ङ) केन्द्रका लागि आवश्यक नीतिनिर्माण गरी कार्यान्वयनमा ल्याउने

(च) तालिम केन्द्रका लागि चाहिने आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गर्ने

(छ). आवश्यक कर्मचारी तथा प्रशिक्षकको व्यवस्था गर्ने

(ज) तालिम केन्द्रका लागि चाहिने आवश्यक भौतिक व्यवस्थापन, कक्षाकोठा, शौचालय, चमेनागृह, खानेपानीलगायत शैक्षिक सामग्री, फर्निचर आदिको व्यवस्था मिलाउने

(झ) प्रशिक्षक तथा प्रशिक्षार्थीका लागि आवश्यक पर्ने पाठ्यपुस्तक, स्रोत तथा सन्दर्भ सामग्री सहितको सुविधायुक्त पुस्तकालयको व्यवस्था गर्ने

(ञ) सिपमूलक प्राविधिक शिक्षासम्बन्धी विषय र सो विषयको प्रकृतिअनुसारको प्रयोगात्मक अभ्यासका लागि आवश्यक सामग्रीसहितको प्रयोगशालाको व्यवस्था गर्ने

(ट) तालिम केन्द्र सञ्चालनका लागि प्राविधिक शिक्षा तथा तालिम परिषद् ,प्रदेश तहमा सामाजिक विकास तथा सरोकार मन्त्रालय (उद्योग, पर्यटन, वन तथा वातावरण, कृषि तथा पशुपन्छी, भूमि व्यवस्थापन सहकारी तथा गरिबी निवारण आदि) स्थानीय

निकाय, सरकारी तथा गैर सरकारी सङ्घ संस्था र तथा तालिम प्रदायक संस्थाहरूसँग समन्वय गर्ने

(ठ) प्रशिक्षार्थीहरूको रोजगारी, स्वरोजगारी तथा आय आर्जनका लागि सम्बन्धित सरोकारवाला उद्योग, व्यवसाय, तथा सङ्घ संस्थाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने

(ड) कार्यस्थलको सिकाइ आवश्यकताअनुसार कार्यगत तालिम (on the job training –ojt) को सुनिश्चितताको लागि सम्बन्धित सरकारी , सहकारी, निजी क्षेत्रका उद्योग व्यवसायी सँग द्विपक्षीय एवम् बहुपक्षीय सम्झौता गर्ने

(ढ). तालिम केन्द्रको अनुगमन तथा निरीक्षण गर्ने

(ण). तालिम केन्द्रको अनुगमन, निरीक्षण तथा कार्यक्रम सञ्चालनको मूल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशन प्रदान गर्ने

(त) कर्मचारी तथा प्रशिक्षकका लगि आचारसंहिता निर्माण गर्ने

(थ). कर्मचारी तथा प्रशिक्षकलाई आवश्यक सुविधा उपलब्ध गराउने

(द) नियुक्त कर्मचारी तथा प्रशिक्षक कल्याण कोषको व्यवस्था मिलाउने

(ध) विद्यार्थी तथा प्रशिक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता बनाई कार्यान्वयनमा ल्याउने

(न) कर्मचारी विनियमावली बनाई स्वीकृत गर्ने

(प) सम्बन्धित निकायका आवश्यक निर्देशन पालना गराउने

(फ) बैठकमा अनिवार्य उपस्थित हुने

(ब) बार्षिक बजेट स्वीकृत गर्ने

(भ) मान्यताप्राप्त लेखापरीक्षकबाट केन्द्रको लेखापरिक्षण गराउने

## परिच्छेद ६.

### १०. छोटो अवधिका तालिम सञ्चालनका लागि समिति :

१. छोटो अवधिका तालिम सञ्चालनका लागि देहाय बमोजिमको समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) कार्यक्रम निर्देशक | सदस्य |
| (ग) तालिम केन्द्र संयोजक | सदस्य सचिव |

समितिको बैठक आवश्यकतानुसार वस्ने छ र समितिको वैठकमा सम्वन्धित विषयको विज्ञ वा प्राविधिक व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिने छ ।

२. **तालिम सञ्चालक समितिको काम कर्तव्य र अधिकार**

(क) छोटो अवधिको तालिम छनोट गर्ने

(ख) तालिमको अनुमानित लागत विवरण तयार पार्ने

(ग) तालिमका लागि आवश्यक पर्ने सामग्रीको सूची तयार पार्ने

(घ) तालिम सञ्चालनका लागि आवश्यक सहयोग पुऱ्याउने

## परिच्छेद७

### ११. तालिम सञ्चालन खर्च, पाठ्यक्रम र प्रशिक्षण सञ्चालन पद्धति

**१ तालिम सञ्चालन खर्च,**

(क) तालिमको समयावधि, स्वीकृत पाठ्यक्रम र पेसा अनुसार फरक फरक हुने छ।

(ख) तालिमको विषय, समयावधिअनुसार तालिम खर्च फरक फरक हुने छ।

(ग) तालिमको क्षेत्र, विषय र समयावधिअनुसार तालिम सञ्चालक समितिले प्रस्तावित गरे अनुसार तालिम खर्च निर्धारण हुने छ।

(घ) तालिम खर्च नगरपालिकाले उपलब्ध गराएको एकमुष्ट अनुदानबाट नियमानुसार खर्च गरिने छ।

## २ पाठ्यक्रम

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्वीकृत पाठ्यक्रमअनुसार सञ्चालन गनुपर्ने छ ।

(ख) सबै सिपमूलक तालिमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्वीकृत पाठ्यक्रमअनुसार सञ्चालन गनुपर्ने छ । ४.५ घन्टेदेखि ४० घण्टाभन्दा कम अवधिका तालिमको पाठ्यक्रम तालिम केन्द्रले निर्माण गरी नगर शिक्षा समितिबाट स्वीकृत गरी सञ्चालन गर्न सक्ने छ ।

(ग) तालिम सञ्चालनका पाठ्यक्रम वेबसाइटमा राखिने छ ।

## ३. प्रशिक्षण सञ्चालन पद्धति

(क) कार्य स्थलको सिकाइ तथा आवश्यकता अनुसार कार्यगत तालिम (on the job training – ojt) को सुनिश्चितताको लागि सम्बन्धित सरकारी, निजी क्षेत्रका उद्योग व्यवसायीसँग द्विपक्षीय एवम् बहुपक्षीय सम्झौता गर्ने

(ख) तालिमको अवधिमा प्रशिक्षर्थीहरूलाई पेसा, श्रमबजार र रोजगारसम्बन्धी जानकारी दिइने छ । त्यसका अतिरिक्त व्यक्तिगत र कार्यशाला सुरक्षा र

जोखिम सम्बन्धी जानकारी कक्षाहरू समेत प्राथमिकताका साथ सञ्चालन गर्ने छ ।

(ग) तालिम केन्द्रले तालिम अवधिमा प्रशिक्षार्थीहरू लाई समय समयमा सम्बन्धित उद्योगको भ्रमण गराई स्थलगत र वस्तुगत जानकारी गराउने छ

(घ) प्रशिक्षार्थीहरूको अन्तिम मूल्याङ्कन वा सिप परीक्षणका लागि प्राविधिक शिक्षा तालिम परिषद्मा सिफारिससहित पठाउने छ ।

## परिच्छेद ८

### १२. अनुगमन तथा मूल्याङ्कन

१. तालिमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कनका लागि देहायबमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहने छ ।

(क) नगर उप प्रमुख संयोजक

(ख) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य

(ग) सम्बन्धित विषयको व्यक्ति सदस्य

# परिच्छेद ९.

## १३. कर्मचारी तथा प्रशिक्षक सम्बन्धी व्यवस्था

१ प्राविधिक तथा सिपमूलक व्यावसायिक तालिम केन्द्र सञ्चालनका लागि न्यूनतम देहायबमोजिम कर्मचारी तथा प्रशिक्षकको व्यवस्था गरिने छ ।

(क) नेपाल सरकारको प्रथम श्रेणीको कर्मचारी वा सो सरहको सुविधा प्राप्त गर्नेगरी प्रबन्ध निर्देशक

(ख) नेपाल सरकारको उप सचिव वा सो सरहको सुविधा प्राप्त गर्नेगरी कार्यक्रम निर्देशक

(ग) उप सचिव सरहको प्राविधिक विषयको प्रिन्सिपल

(घ) प्रशासनिक अधिकृत ( नगर शिक्षकबाट ल्याइने )

(ङ) लेखापाल ( नगर शिक्षकबाट ल्याइने )

(च) स्टोर किपर ( नगर शिक्षकबाट ल्याइने

(छ) कार्यालय सहयोगी (करारमा नियुक्त गरिने)

(ज) सुरक्षा गार्ड (नगर प्रहरीबाट ल्याइने )

२ अन्य कर्मचारी प्रशिक्षक तथा सहायक प्रशिक्षक आवश्यकता अनुसार काज वा करार नियुक्ति वा पिरियड वा सेसन बमोजिम व्यवस्था गरिने छ ।

३. प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रका कर्मचारी तथा प्रशिक्षकको सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था व्यवस्थापन समितिबाट स्वीकृत विनियमावलीका आधारमा हुने छ ।

## परिच्छेद १०

## १४. प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रको कोष तथा आयस्रोत

१. प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्र सञ्चालनका लागि एक कोष रहने छ । कोषमा देहाय बमोजिमका रकमहरू रहने छ ।

(क) नेपाल सरकार / प्रदेश सकारबाट प्राप्त सहयोग तथा अनुदान

(ख) नगरपालिकाबाट प्राप्त अनुदान

(ग) विद्यार्थी भर्ना शुल्कबाट प्राप्त रकम

(घ) चन्दा, दानदातव्यआदि सहयोगबाट प्राप्त रकम

२. उपदफा १ बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण विनियमावलीमा तोकिए बमोजिम हुने छ ।

# परिच्छेद ११.

## १५ विविध

१. कानुन बमोजिम हुने :

यस कार्यविधिमा उल्लिखित विषय कुनै कानुनसँग बाझिएमा वा यस कार्यविधिमा उल्लेख नभएको वा स्पष्ट नभएको विषयमा गोकर्णेश्वर नगरपालिकाको शिक्षा ऐन तथा प्रचलित नेपाल कानुन बमोजिम हुने छ ।

२. व्याख्या तथा संशोधन :

यस कार्यविधिमा उल्लिखित विषयमा कुनै द्विविधा भएमा सोको व्याख्या तथा संशोधन तालिम केन्द्रले गर्ने छ ।

कार्यपालिका वाट स्वीकृत मितिः२०८१।५।७
प्रमाणीकरण मितिः२०८१।५।८
प्रकाशित मिति : २०८१।५।१२

आज्ञाले,
यम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत